# गुल्मीदरबार गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य

**यस सभाका सम्माननीय सभाध्यक्ष महोदय,**

१. गुल्मीदरबार गाउँपालिकाको अध्यक्षको हैसियतले यस गाउँपालिकाको पाचौं गाउँसभामा आगामी आर्थिक वर्ष २०७६/७७ को बजेट प्रस्तुत गरिरहँदा गौरवको महशुस गरेको छु । यस महत्वपूर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउन योगदान गरी गुल्मीदरबार गाउँपालिकालाई आफ्नो सिमा भित्र रहेका विकास निर्माण लगायतका कुराहरुमा रहेर बजेट निर्माण गर्न कानूनी आधार उपलब्ध गराउन जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा यस गाउँपालिकालाई यो अवस्थामा ल्याउन योगदान गर्नु हुने अग्रज महान गाउँपालिका बासी नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

२. संघीयताको कार्यान्वयन सँगै राज्य पुनर्संरचनाको महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तीय संघीयताको कार्यान्वयन हुने कामको प्रारम्भ भैसकेको छ । जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट गुल्मीदरबार गाउँपालिका बासीले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणालीको स्थापित भएको छ । गाउँपालिकाको कार्य संपादनबाट स्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधारशिला यस गाउँपालिकामा पनि तयार भएको छ ।

३. गुल्मीदरबार गाउँपालिकाले हासिल गरेको युगान्तकारी राजनीतिक उपलब्धिको फल स्वरुप समृद्ध गाउँपालिका, सुखी गाउँपालिका बासी को आकांक्षा हासिल गर्ने दिशामा यो गाउँपालिका दृढताका साथ अघि बढेको छ । यस क्रममा सामाजिक न्यायको प्रत्याभूति सहितको जनउत्तरदायी गाउँपालिका र सभ्य सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पूर्ण लोकतन्त्रको दिशामा समृद्ध अर्थतन्त्र निर्माणका लागि यो गाउँपालिका प्रतिवद्ध छ ।

४. चालु आर्थिक वर्षमा गुल्मीदरबार गाउँपालिकाले लिएका नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट यस गाउँपालिका भित्र धेरै परिवर्तनका संकेतहरु देखा पर्न शुरु गरेका छन् ।गुल्मीदरबार गाउँपालिकाले सञ्चालन गरेका विभिन्न कार्यक्रम मार्फत गाउँपालिका बासीहरुले आफ्नो आय स्तर बढाउने, नकारात्मक कार्यहरुमा खबरदारी गर्ने, समाज सुधारको बाटोमा आफूलाई समाहित गर्ने, गरिबी, विपन्नता, निरक्षरता र पछौटेपनको अवस्था नरहने अवस्थाको शुरुवात भएको छ ।

५. आर्थिक सामाजिक र भौतिक पूर्वाधार निर्माण र पूनर्निर्माण कार्यमा तिव्रता आएको छ । विकासमा जनताको चासो तथा गुनासाका खबरदारीहरु देखा पर्न थानेका छन् । समग्रमा चालु

आर्थिक वर्षमा समग्र विकासको अवधारणा अनुसार गाउँपालिकाका विभिन्न विकासका सम्भावनाहरुमा लगानी बढाइएको थियो जसको कार्यान्वयन अपेक्षित रुपमा भैरहेको अवस्था देखिएको छ । गाउँपालिका भित्र जनताले प्रत्यक्ष अनुभव गर्ने खालका कार्यक्रमहरु सञ्चालन भएका छन जसको कार्यान्वयले सबै गाउँपालिका बासीहरु हर्शित हुनुहुन्छ भन्ने मैले अपेक्षा गरेको छु ।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले यो वर्ष हासिल भएका उपलब्धीहरुलाई विशेष ध्यान दिँदै गाउँपालिका बासीका आर्थिक र सामाजिक हित वृद्धि गर्न पहल गरेको छु । गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी र जनताको पहुँच सम्म पुर्याउन विशेष पहल गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्न विशेष ध्यान केन्द्रीत गरेको छु । गाउँपालिकाले लिएका दीर्घकालिन योजना तथा गुरुयोजना अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रयास पनि यस आर्थिक वर्षको बजेटमा सम्बोधन गर्ने प्रयास गरिएको छ ।

७. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान र कानूनहरु, संघीय सरकारबाट प्राप्त मार्गदर्शन, प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, गाउँपालिकाले पारित गरेको यस आर्थिक वर्षको नीति तथा कार्यक्रम र विभिन्न संघ संस्था एवम् विद्वतवर्गहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई विशेष ध्यान दिएको छु ।

८. अब म आगामी आर्थिक वर्ष २०७६/७७ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु सर्व प्रथम तपशिल अनुसार राख्न चाहन्छु ।

क) गाउँपालिका बासीका मैलिक हक र अधिकारका रुपमा रहेका आवश्यकताहरु शीघ्र परिपूर्ति गर्दै जीवनस्तरमा सुधार ल्याउने,

ख) उपलब्ध भए सम्मका स्रोत-साधनहरुको उच्चतम उपयोग गर्दै न्यायपूर्ण तरिकाले विनियोजन गरी सामाजिक न्यायको प्रत्याभुति गराउने, र

ग) आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी गाउँपालिका बासीलाई बसाइ सराइबाट गाउँपालिका छोड्ने समस्यालाई कम गरी गाउँमा बस्ने वातावरणको निर्माण गर्ने,

९. बजेटका उद्धेश्यहरु हासिल गर्न मैले देहाय अनुसारका नीतिगत, कार्यक्रमगत र प्रक्रियागत प्राथमिकता निर्धारण गरेकोछु ।

क) गाउँपालिकामा भएको चरम गरिबीको अन्त्य र पिछडिएका क्षेत्र, वर्ग र समुदायको उपयुक्त तरिकाले उत्थान गर्दै सामाजिक सुरक्षाको विस्तार सहित कल्याणकारी राज्य व्यवस्थाको निर्माण,

ख) उत्पादनको वृद्धि, कृषिमा आधुनिकीकरण र विभिन्न सरोकारवालाहरुको सहकार्यमा पूँजि निर्माणको माध्यमबाट रोजगारी सिर्जना र आयवृद्धि,

ग) शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक र कृषि, उद्योग, पर्यटन लगायतका आर्थिक पूर्वाधार विकास, रणनैतिक महत्वका भौतिक पूर्वाधार संरचनाको विकास तथा निर्माण र अधुरा आयोजनाहरुको कार्यान्वयन,

घ) कानूनी राज्यको मान्यता अनुरुप विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत गाउँपालिका बासीलाई अनुभूति हुने सुशासन प्रबर्द्धन,

ङ) उपलब्ध स्रोत-साधन, अवसर र जिम्मेवारीको उच्चतम उपयोग गर्न गाउँपालिकामा सहकारी र नीजि क्षेत्रबीच सहकार्य, र

च) गाउँपालिकाका सबै वडाहरुमा संघीय सरकारका राजस्व बाँडफाँटका मुख्य सुचकहरु जनसंख्या र क्षेत्रफलको आधारमा बजेट विनियोजन ।

**सम्माननीय सभाअध्यक्ष महोदय,**

१०. अब म चालु आर्थिक वर्षमा यस गाउँपालिकाले सम्पन्न गरेका विभिन्न महत्वपूर्ण कार्यहरुको चर्चा गर्न चाहान्छु ।

११. गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको संरचनागत तथा प्रणालीगत सुधारका विभिन्न कार्यक्रमहरु संचालन गरी विद्यालयहरुलाई शिक्षक दरबन्दी मिलानका माध्यमबाट व्यवस्थित गर्ने प्रयास गरिएको छ ।

१२. गाउँपालिका भित्रका विद्यालयहरुमा अध्यापन गराइ रहनु भएका प्रधानाध्यापक तथा शिक्षकहरुको शिकाई क्षमता वृद्धि तथा सकारात्मक परिवर्तनका कार्यक्रमहरु सञ्चालन गरी निजहरुको व्यक्तित्व विकासका कार्यक्रमहरुको शुरुवात गरिएको छ ।

१३. छोरा छोरीको अध्यापनका लागि गाउँपालिकाबाट बसाइ सराई गरी अन्यत्र जाने समस्याहरुलाई मध्यनजर गर्दै गाउँपालिकाका सबै विद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठन पाठनको शुरुवात गरिएको छ ।

१४. महिनाबारीको समयमा विद्यालय जान नसक्ने विद्यार्थिहरुको समस्यालाई मध्येनजर गरी गाउँपालिकाका सबै विद्यालयहरुमा स्यानेटरी प्याडको उपलब्धता बढाइएको छ ।जसको परिणाम स्वरुप गुल्मीदरबार गाउँपालिका महिनाबारीको लागि सुरक्षित समाग्री युक्त विद्यालय क्षेत्र गाउँपालिका घोषणा भै सकेको छ ।

१५. जेष्ठ नागरिक तथा महिलाहरुलाई स्वास्थ्यमा सहज पहुँच पुर्याउन यसै आर्थिक वर्षमा जेष्ठ नागरिक तथा प्रजनन स्वास्थ्य सम्बन्धि एकिकृत स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । जसबाट गाउँपालिकाका करिव २१५६ जनाले विभिन्न रोगका उपचार लिन सफल हुनु भएको छ ।

१६. कृषि, पशु र महिला तथा बालबालिकाका कार्यक्रमहरु लक्षित वर्गको पहिचान गरी सञ्चालन गर्ने परिपाटीको विकास गरिएको छ ।

१७. अब म सामाजिक विकास तर्फका क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**सामाजिक विकास**

**शिक्षा**

१८. आगामी आर्थिक वर्षमा शिक्षा तर्फ वडा नम्बर १ को थाक्सीपोखरा मा.वि. , पदम बहादुर मा.वि. कम्पाउण्ड घेराबार, बलिथुम नरहरी मा.वि. झ्यालढोका निर्माण, रैनादी प्रा.वि. भवन निर्माण लागत साझेदारी, जनज्योती प्रा.वि. तारबार, माझी प्रा.वि. घेराबार र उजेलादेवी प्रा.वि. को लागि रु. ९ लाख ३० हजार विनियोजन गरेको छु ।

१९. गुल्मीदरबार गाउँपालिकाको वडा नम्बर १ मा रहेको माझी प्रा.वि.को रेलिङ्ग निर्माण गर्न आवश्यक रकम विनियोजन गरेको छु । यसका लागि रु. १ लाख रकम विनियोजन गरेको छु ।

२०. यसै गरी वडा नम्बर २ को सूर्योदय मा.वि. कम्पाउण्ड वाल निर्माण, काभ्रेपोखरी मा.वि. ट्रष्ट निर्माण, महाकाली निमावि फर्निचर तथा कारपेट खरिद नेरा प्रावि कक्षा कोठा व्यवस्थापन दिपज्योती प्रावि पर्खाल निर्माणको लागि रु ६ लाख विनियोजन गरेको छु ।

२१. गाउँपालिकाको वडा नम्बर २ मा रहेको सुर्योदय मा.वि. साविक जिल्ला प्राविधिक कार्यालयबाट वित्तीय हस्तान्तरण भै आएकोमा काम गर्न बाँकी रहेको काम सम्पन्न गर्नको लागि आवश्यक रकम रु. ५ लाख विनियोजन गरेको छु ।

२२. वडा नम्बर ३ मा शिक्षाका कार्यक्रमहरु राजा रुन्खा मावि झ्यालढोका मर्मत म्यालपोखरी मावि झ्यालढोका मर्मत, स्वामीपोखरी प्रा.वि. फर्निचर खरिद माइकास्थान प्रा.वि. फर्निचर खरिद गर्ने कार्यक्रम राखेको छु । यस कामका लागि रु. २ लाख ३५ हजार विनियोजन गरेको छु ।

२३. वडा नम्बर ४ को वडा स्तरिय बजेटबाट रुन्खादह मा.वि. महायज्ञको लागि सहयोग, विरबास अरकडाँडा बालकक्षा खेलौना खरिद, रत्न आधारभुत विद्यालय सरस्वती मन्दिर निर्माण गर्ने कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु । यस कामका लागि जम्मा रु ६ लाख ५५ हजार बजेट विनियोजन गरेको छु ।

२४. वडा नम्बर ५ को हटिया प्रा.वि. पाठ्य पुस्तक तथा खेलकुद समाग्री खरिद ज्ञानोदय प्रा.वि. पाठ्यपुस्तक तथा खेलुकद सामाग्री खरिद शारदा मा.वि. भौतिक व्यवस्थापन तथा खेल मैदान निर्माण गर्ने कार्यको लागि रकम व्यवस्था गरेको छु । यी कार्यका लागि वडा कार्यालयको

बजेट सिमाबाट खर्च गर्ने व्यवस्था मिलाइ रु १० लाख ५० हजार रकम विनियोजन गरेको छु ।

२५. वडा नम्बर ६ का विभिन्न विद्यालयहरु मध्ये इश्वरी मा.वि. पुस्तकालय व्यवस्थापन, गंगा आधारभुत नि.मा.वि. पुस्तकालय व्यवस्थापन, शिशु कल्याण बालविकास केन्द्र पुस्तकालय व्यवस्थापन जस्ता कामका लागि आवश्यक पर्ने रु ५ लाख बजेटको सुनिश्चितता गरि विनियोजन गरेको छु ।

२६. गाउँपालिकाको वडा नम्बर ६ मा रहेको इश्वरी मा.वि. मा साविक जिल्ला प्राविधिक कार्यालयबाट वित्तीय हस्तान्तरण भै आएकोमा काम गर्न बाँकी रहेको काम सम्पन्न गर्नको लागि आवश्यक रकम रु. ६ लाख विनियोजन गरेको छु ।

२७. गाउँपालिकाको वडा नम्बर ७ मा रहेको ठूला पोखरा आधारभुत विद्यालयको खेल मैदान घेराबारको लागि रु. ३ लाख विनियोजन गरेको छु ।

२८. गाउँपालिकाको वडा नम्बर ७ का जेष्ठ नागरिकहरु प्रति सम्मान व्यक्त गर्न र स्वास्थ्य चौकी मर्मत गर्न आवश्यक बजेट विनियोजन गरेको छु । जसका लागि रु. १ लाख बजेट विनियोजन गरेको छु ।

२९. गाउँपालिका भित्र सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन नेपाल सरकारको सहयोगमा प्राप्त हुने रकमबाट भत्ता वितरण गर्ने व्यवस्था मिलाएको छु । यस कामका लागि रु. ७ करोड ५० लाख रकम विनियोजन गरेको छु ।

३०. गाउँपालिका स्तरिय कार्यक्रमबाट रकम विनियोजन गर्ने गरि शिक्षाका विभिन्न कार्यक्रमको लागि रकमको व्यवस्था मिलाएको छु । गाउँपालिकाको शैक्षिक व्यवस्थापनलाई समय सान्दर्भिक र गुणस्तरिय बनाउन कक्षा ६ देखि १० सम्म अध्यापन गराउने मुख्य ५ विषय र कम्प्युटर शिक्षकरुका लागि ३ दिने विषयगत कार्यशाला र कक्षा १ देखी ५ सम्म अध्यापन गराउने शिक्षकहरुलाई मुख्य ५ विषयको २ दिने कार्यशाला सञ्चालन गर्न रु ८ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

३१. बाल विकास सहजकर्ताहरुलाई समय सान्दर्भिक विषयमा जानकारी गराउन उपयुक्त हुने पुनर्ताजकी खालका कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु । गाउँपालिकाका भित्रका विद्यालयहरुका प्रधानाध्यापकहरुको बैठक प्रत्येक ३ महिनामा १ पटक बस्ने गरी व्यवस्था मिलाएको छु । यस कामको लागि रु २ लाख विनियोजन गरेको छु ।

३२. गाउँपालिकाका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकहरुको अनुभव आदान प्रदान गर्ने उपयुक्त व्यवस्था मिलाएको छु । यस कामकोलागि रु १ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

३३.	गुल्मीदरबार गाउँपालिका भित्र सञ्चालन गरिने परिक्षा प्रणालीलाई व्यवस्थापन गर्न कक्षा ३ कक्षा ५ र कक्षा ८ को परिक्षा गाउँपालिका स्तरबाट सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यो कामको लागि रु ६ लाख रकम विनियोजन गरेको छु ।

३४.	शिक्षा दिवसका विभिन्न कार्यक्रमहरु तथा गाउँपालिका भित्रका विभिन्न विद्यार्थिहरुलाई छात्रबृत्ति प्रदान गर्न आवश्यक रकमको सुनिश्चितता गरेको छु । यस कामको लागि रु ६ लाख रकम विनियोजन गरेको छु ।

३५.	गाउँपालिका भित्रका विभिन्न खेलाडीहरुको पहिचान तथा खेलकुदको माध्यमबाट युवा वर्गमा सकारात्मक कार्यक्रमहरु सञ्चालन गर्ने कार्यको शुरुवात गर्न गाउँपालिकामा वडा स्तरिय प्रतियोगिता सञ्चालन गर्न अध्यक्ष कप प्रतियोगिताको कार्यक्रम शुरु गर्न रु २ लाख रकम विनियोजन गरेको छु ।

३६.	युवा आत्म सुरक्षा, युवा उद्यमशिलता र युवा स्वरोजगार युवा क्षमता विकास जस्ता कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कामको लागि रु २ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

३७.	गाउँपालिकामा विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न रु १ लाख रकम विनियोजन गरेको छु ।

३८.	शिक्षा समितिका पदाधिकारीहरु तथा विभिन्न विद्यालयका प्रधानाध्यापकहरुलाई देशका विभिन्न नमुना सामुदायिक विद्यालयहरुको भ्रमण गराउने व्यवस्था मिलाएको छु । यस कामको लागि रु ३ लाख रकम विनियोजन गरेको छु ।

३९.	गुल्मीदरबार गाउँपालिकाका विभिन्न विद्यालयहरुको भौतिक संरचनाहरुको अध्ययन गरी संरचनाको उपयुक्त सुधार गर्न रु ६ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

४०.	थाक्सीपोखरा मा.वि. र गंगा आधारभुत विद्यालयको वार्षिक उत्सव कार्यक्रमलाई सहयोग स्वरुप रकम उपलब्ध गराउन रु. ३ लाख २ हजार विनियोजन गरेको छु ।

४१.	गाउँपालिकाको वडा नम्बर २ को महाकाली नि.मा.वि.मा स्टेज निर्माण गर्ने कार्यका लागि रु. २ लाख विनियोजन गरेको छु ।

**स्वास्थ्य**

४२.	वडा नम्बर १ मा महिला स्वास्थ्य स्वम् सेविका बैठक सञ्चालन खर्च, वडा नम्बर २ मा जुभुङ्ग स्वास्थ चौकी सञ्चालन तथा व्यवस्थापन र वडा नम्बर ४ मा रुमपोखरा हेल्थ हर्ट निर्माणको लागि आवश्यक पर्ने रु ३ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

४३.	गुल्मीदरबार गाउँपालिकाको स्वास्थ्य शाखाबाट कार्यक्रम सञ्चालनग हुने गरी दीर्घ रोगीहरुलाई निशुल्क औषधी उपचार कार्यक्रम, पोषण प्रबर्द्धन कार्यक्रम, स्वास्थ्य शिविर सञ्चालन, बर्थिङ्ग

सेन्टरका लागि उपकरण खरिद, स्वास्थ्य आमा समूह अभिमुखिकरण, महिनाबारीका लागि सुरक्षित सामाग्री युक्त घर (घर घरमा सेनेटरी प्याड वितरण) कार्यक्रम, पूर्ण संस्थागत प्रसुति अभियान, स्वास्थ्य प्रबर्द्ध कार्यक्रम, स्थास्थ्य संस्थाहरुमा कम्प्युटर प्रिन्टर फोटोकपी खरिद र विद्यालयमा केन्द्रीत साथी शिक्षा कार्यक्रम जस्ता कार्यक्रमहरु गाउँपालिकाको विभिन्न स्थानमा सञ्चालन गर्न रु ३५ लाख रकम विनियोजन गरेको छु ।

४४. गाउँपालिकाले स्थापना गरेको विपन्न वर्गका बोटे माझी कुमाल गाउँका जनताहरुलाई नजिकबाट स्वास्थ्य सुविधा उपलब्ध गराउन स्थापना गरेको सामुदायिक स्वास्थ्य इकाइको सञ्चालन तथा व्यवस्थापन गर्न रु. ४ लाख रकम विनियोजन गरेको छु ।

४५. 'ग' वर्गको अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरी आर्थिक सहायता प्रदान गर्न रकम व्यवस्था गरेको छु । यस कार्यका लागि कार्यविधी बनाइ सामाजिक सुरक्षा भत्ता वितरण गर्न रु. ५ लाख विनियोजन गरेको छु ।

४६. गाउँपालिकाले विगत देखि नै वितरण गर्दै आएको उच्च रक्त चाप, मधुमेह, दम अन्य रोगका रोगिहरुलाई निशुल्क औषधी वितरणको लागि औषधी खरिद गर्न रकम विनियोजन गरेको छु । यस कामका लागि रु. १० लाख रकम विनयोजन गरेको छु ।

**सम्माननीय सभाअध्यक्ष महोदय,**

४७. अव म खानेपानी तथा सरसफाई तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तु गर्न चाहन्छु ।

**खानेपानी तथा सरसफाई**

४८. यस गाउँपालिकाकले चालु आर्थिक वर्षमा नेपाल सरकारको समपुरक योजना अन्तर्गत काम गर्न शूरुवात गरेको वडा नम्बर १ को खहरेखोला खानेपानी योजनाको काम सम्पन्न गर्ने गरी रकम विनियोजन गरेको छु । यस कामको लागि रु ५२ लाख ४४ हजार रकम विनियोजन गरेको छु ।

४९. वडा नम्बर १ मा सञ्चालन तथा खानेपानीको सुधार गर्ने खालका विभिन्न आयोजनाहरुको लागि बजेट विनियोजन गरेको छु । दोठुङ्ग खानेपानी योजना भुतदुलो ठकुरीटोल सिमलपाटा खानेपानी योजना, माझीखोला बाहुन गाउँ खानेपानी योजना, गोठारा खहरे खानेपानी योजना, टारी माझगाउँ खानेपानी योजना र डिगैरा खानेपानी योजनाको लागि आवश्यक पर्ने रु ६ लाख रकम बजेट विनियोजन गरेको छु ।

५०. यसै गरी वडा नम्बर २ को तल्लो भुजेलमारा खानेपानी टयाङ्की डि.सी. निर्माण बारबेनी हिल्मी टयाङ्की निर्माण धारापानी डाइनडाँडा खानेपानी आयोजना, जुभुङ्ग खानेपानी योजना मर्मत जस्ता कार्यक्रमहरुबाट खानेपानी सुविधाको स्तरउन्नती तथा सहज पहुँच पुर्याउन रु ६ लाख रकम विनियोजन गरेको छ ।

५१. वडा नम्बर ३ का विभिन्न ठाउँहरु जस्तै डाँडाखोला कयनपानी खानेपानी रिजर्भ ट्याङ्की निर्माण पाखुखोला धारापानी लिफ्टीङ्ग खानेपानी योजना मर्मत र थानामाथी खानेपानी सुविधा विस्तारका लागि आवश्यक पर्ने रकम विनियोजन गरेको छु । यस कामको लागि रु २ लाख ९५ हजार रकम विनियोजन गरेको छु ।

५२. गाउँपालिकाको वडा नम्बर ३ मा नुनथला लिफ्टिङ्ग खानेपानी योजना निर्माण गर्न आवश्यक रकम विनियोजन गरेको छु । यस कार्यका लागि रु. १० लाख रकम विनियोजन गरेको छु ।

५३. वडा नम्बर ४ मा रहेका विभिन्न खानेपानी संरचनाहरुको सुधार विस्तारको लागि विशेष ध्यान केन्द्रीत गर्दै रकम विनियोजन गरेको छु । जसमा विभिन्न योजनाहरुको लागि पाइप खरिद साविकका वडाहरु २,३ र ५ मा एकघर एक धारा, घेन्सिङ्गगैरा खानेपानी रिजर्भ ट्याङ्की निर्माण, भट्टेचौर दलित बस्तिमा ५०० लिटरको हिल ट्याङ्की ५० प्रतिशत लागत सहभागितामा वितरण, भट्टेचौर चिउरीमुनि खानेपानी ट्याङ्की निर्माण, मिसुका राजु गैरा लिफ्ट खानेपानी योजना, जिमी टोल एक घर एक धारा खानेपानी योजना र बाँसखर्क एक घर एक धारा खानेपानी योजनाहरु रहेका छन् । यी खानेपानी योजनाहरुको निर्माण तथा सुधार विस्तारका लागि आवश्यक पर्ने रु १६ लाख ६० हजार रकम विनियोजन गरेको छु ।

५४. यस गाउँपालिकाकले चालु आर्थिक वर्षमा नेपाल सरकारको समपुरक योजना अन्तर्गत काम गर्न शूरुवात गरेको वडा नम्बर ४ को अर्वाङ्गदी गैरा रुमापोखरा लिफ्टिङ्ग खानेपानी योजनाको काम सम्पन्न गर्ने गरी रु ६२ लाख ७२ हजार रकम विनियोजन गरेको छु ।

५५. आर्थिक वर्ष २०७६/७७ मा खानेपानी सुविधा विस्तार गर्न वडा नम्बर ४ को भट्टेचौर लिफ्ट खानेपानी योजनाको लागि आवश्यक रकम सुनिश्चित गरेको छु । यस कामको लागि रु. ३ लाख विनियोजन गरेको छु ।

५६. गाउँपालिकाको वडा नम्बर ५ मा खानेपानी सुविधाको सुधारको लागि अमर अर्वाथोक लिफ्ट खानेपानी योजना मर्मत संभारको लागि रु १ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

५७. गाउँपालिकाको वडा नम्बर ५ मा सिराङ्गदी खानेपानी योजना निर्माण गर्न रु १ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

५८. वडा नम्बर ६ मा खानेपानी सुविधा सुधार विस्तारको लागि विभिन्न योजनाहरुमा आवश्यक रकम विनियोजन गरेको छु । जसमा टोल नम्बर ३ र ४ खानेपानी लिफ्ट योजना मर्मत विभिन्न खानेपानी योजनाको लागि पाइप खरिद, निरल्दी ढुङ्गेरी पधेरा मर्मत तथा खानेपानी योजना खोरेपानी सिखरे खानेपानी योजनाको लागि पाइप खरिद र धारापानीमा खानेपानी ट्याङ्की निर्माण गर्ने कार्यका लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

५९. गाउँपालिकाको वडा नम्बर ६ मा बाँसटारी खानेपानी योजना निर्माण गर्नको लागि रु. १ लाख रकम विनियोजन गरेको छु ।

६०. यस गाउँपालिकाकले चालु आर्थिक वर्षमा नेपाल सरकारको समपुरक योजना अन्तर्गत काम गर्न शूरुवात गरेको वडा नम्बर ६ को बठवा खोला लिफ्टिङ्ग खानेपानी योजनाको काम सम्पन्न गर्ने गरी रकम विनियोजन गरेको छु । यस कामको लागि रु ९८ लाख ४० हजार रकम विनियोजन गरेको छु ।

६१. आर्थिक वर्ष २०७६/७७ मा प्रदेश नम्बर ५, प्रदेश सरकार सँगको समपुरक अनुदानमा योजना कार्यान्वयन गर्ने गरी रकम विनियोजन गरेको छु । यस कामका लागि वडा नम्बर ६ को भलायचौर लिफ्ट खानेपानी योजना निर्माणको लागि प्रदेश सरकारको ५० लाख र गाउँपालिकाको ५० लाख गरी जम्मा रु १ करोड रकम विनियोजन गरेको छु ।

६२. गाउँपालिकाको वडा नम्बर ६ को बगैचा टोल दलित वस्ती लिफ्ट खानेपानी योजना निर्माणको लागि रु. १ लाख रकम विनियोजन गरेको छु ।

६३. गाउँपालिकाको वडा नम्बर ७ का विभिन्न कुंडापानी पँधेरो निर्माण, जुकेपानी पँधेरो निर्माण, स्यालापानी ट्याङ्की निर्माण, खानेपानी पाइप खरिद साविक वडा नं. ६ र नयाँ खर्क ट्याङ्की निर्माण खानेपानी योजनाको लागि रु. २ लाख ६० हजार विनियोजन गरेको छु ।

६४. आर्थिक वर्ष २०७६/७७ मा प्रदेश नम्बर ५ प्रदेश सरकार सँगको समपुरक अनुदानमा योजना कार्यान्वयन गर्ने गरी रकम विनियोजन गरेको छु । यस कामका लागि वडा नम्बर ७ को बोटेपुछार सुपलेघाट लिफ्ट खानेपानी योजना निर्माणको लागि प्रदेश सरकारको ५० लाख र गाउँपालिकाको ५० लाख गरी जम्मा रु १ करोड रकम विनियोजन गरेको छु ।

६५. गाउँपालिकाको वडा नम्बर ७ मा खोरिया खोल्सी लिफ्ट खानेपानी योजना नर्माण गरी खानेपानीको सुविधा उपलब्ध गराउन आवश्यक पर्ने रकम विनियोजन गरेको छु । यस कामका लागि रु. १२ लाख विनियोजन गरेको छु ।

६६. आर्थिक वर्ष २०७६/७७ मा जिल्ला समन्व समितिबाट गाउँपालिकाको लागत साझेदारीमा सञ्चालन हुने ध्वाटखोला खानेपानी योजनाको काम प्रदेश सरकार खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय गुल्मीले योजनाको काम सम्पन्न गरेपछी एक घर एक धाराको लागि फिटिङको सामान खरिद गर्न जिल्ला समन्वय समिति गुल्मीबाट रु १३ लाख र गाउँपालिकाबाट रु १३ लाख गरी जम्म रु २६ लाख विनियोजन गरेको छु ।

६७. गाउँपालिकाको वडा नम्बर ७ मा रहेका दलित वर्गको उत्थान गर्न दलित सचेतना तालिमको लागि रु. ७० हजार, देवीका स्थान मन्दीर र उक्त मन्दीर देखी स्यालापानी मोटरबाटोको लागि रु. १ लाख २० हजार विनियोजन गरेको छु ।

**संस्कृति प्रबर्द्धन**

६८. गुल्मीदरबार गाउँपालिका को वडा नम्बर ६ मा हुने विभिन्न प्रकारका लोक संस्कृतिहरुको संरक्षण तथा सम्बर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु । यसका लागि रु ५० हजार वडा कार्यालयको शिलिङ्गबाट खर्च हुने गरी रकम व्यवस्था गरेको छु ।

**खेलकुद तथा मनोरञ्जन**

६९. गाउँपालिका भित्र खेलिने विभिन्न प्रकारका खेलकुदहरुलाई व्यवस्थित तथा खेलाडीहरुको क्षमता विकास गर्न आवश्यक बजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिएको छु । जसमा वडा नम्बर १ को बलिथुम युवा क्लबको क्षमता विकास वडा नम्बर २ को देउराली पोखरा खेलमैदान निर्माण यसै वडाको नयाँ पोखरी खेलमैदान निर्माण वडा नम्बर ३ को मिलनसार युवाक्लब खेलमैदान ग्याविन तथा पर्खाल निर्माण, नवक्षितिज युवा क्लब खेलकुद सामाग्री खरिद दिपज्योति युवा क्लब खेलकुद सामाग्री खरिद वडा नम्बर ६ का विभिन्न खेलकुद कार्यक्रमका लागि रु ७ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

७०. गाउँपालिकाको वडा नम्बर २ मा रहेको काभ्रेपोखरी मा.वि.मा खेलमैदान निर्माण गर्न रु ५ लाख रकम विनियोजन गरेको छु ।

७१. गाउँपालिकाको वडा नम्बर २ को देउराली पोखरामा खेलमैदान निर्माण गर्न रु १ लाख रकम विनियोजन गरेको छु ।

७२. गाउँपालिकाको वडा नम्बर ७ मा रहेका युवा वर्गलाई खेल प्रति आकर्षण गराउन रु. १ लाख विनियोजन गरेको छु ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

७३. अब म लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गतका विनियोजित रकमहरुको बारेमा चर्चा गर्न चाहान्छु । यस शिर्षक अन्तर्गत वडा नम्बर १ मा नेपाल मगर संघ र नेवार सस्कृति संरक्षण नौमति बाजा खरिद र मिलिजुली महिला समूह स्यानेटरी प्याड निर्माण तालिमको लागि उपयुक्त बजेट विनियोजन गरेकोछु । यस कामको लागि रु २ लाख ७० हजार बराबरको रकम विनियोजन गरेको छु ।

७४. वडा नम्बर २ का दलित लक्षित खानापानी टयाङ्की निर्माण विभिन्न जनजाती संस्कृति संरक्षण महिला उद्घोषण तालिम, महिला सशक्तिकरण तालिम जस्ता कार्यक्रमहरुका लागि रु ४ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

७५. यसै गाउँपालिकाको वडा नम्बर ३ मा हुने अपाङ्ग लक्षित बाख्रापालन कार्यक्रम, दलित लक्षित पञ्चेबाजा संरक्षण, जनजाति लक्षित जनचेतना मुलक अन्तरक्रिया कार्यक्रम, जेष्ठ नागरिक सम्मान कार्यक्रम र महिला शिपमुलक तालिम कार्यक्रमको लागि रकम विनियोजन गरी कार्यक्रम

सञ्चालनको सुनिश्चितता गरेको छु । यस कामको लागि रु ४ लाख १० हजार रकम विनियोजन गरेको छु ।

७६. वडा नम्बर ४ मा महिला विकास तालीम, जनजाती लक्षित कार्यक्रम, दलित लक्षित कार्यक्रमका लागि आवश्यक पर्ने रकम रु ३ लाख विनियोजन गरेको छु ।

७७. वडा नम्बर ६ मा चलिरहेको ढाका बुनाइ कार्यलाई निरन्तरता दिने गरी रकम विनियोजन गरेको छु । यसै वडामा दलित, महिला लक्षित विभिन्न कार्यक्रमा आवश्यक रकम विनियोजन गरेको छु । यी सबै कामका लागि रु ३ लाख रकम विनियोजन गरेको छु ।

७८. गाउँपालिकाका विभिन्न क्षेत्रमा रहेका क्लब, महिला समूह, आमा समूह तथा अन्य यस्तै प्रकारका लक्षित समूहहरुको क्षमता विकासका लागि आवश्यक रकम विनियोजन गरेको छु । यस कामका लागि रु. ५ लाख रकम विनियोजन गरेको छु ।

७९. गाउँपालिकाको वडा नम्बर ७ का महिलाहरुलाई सिप विकासको माध्यमबाट आत्मनिर्भर र आर्थिक सशक्तिकरण गर्न शिपमुलक तालिम सञ्चालन गर्न रु. २ लाख विनियोजन गरेको छु ।

८०. महिला बालबालिका तथा जेष्ठ नागरिकका अधिकारहरुको सम्मान गर्न गाउँपालिका स्तरीय विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिँदै कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । जसमा उद्घोषण तथा नेतृत्व विकास कार्यक्रम महिला संस्था समितिका नयाँ सदस्यहरुलाई अनुशिक्षण तालिम, महिला संस्था संरचना सुधार, महिला विकास सहकारी संस्थाका अध्यक्ष, सचिव र गाउँ कार्यपालिका सदस्यहरु विच अन्तरक्रिया, महिला दिवस मनाउने कार्यक्रम, जेष्ठ नागरिक अन्तरक्रिया कार्यक्रम, अपाङ्ग परिचयपत्र वितरण कार्यक्रम व्यवस्थापन र यसै क्षेत्रका विविध कार्यक्रमहरु सञ्चालन गर्न रु १० लाख रकम विनियोजन गरेको छु ।

**सम्माननीय सभाअध्यक्ष महोदय,**

८१. अव म आर्थिक विकास तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास**

**कृषि तथा पशु क्षेत्रका कार्यक्रमहरु**

८२. वडा नम्बर १ मा प्लाष्टिक पोखरी र टनेल वितरण, बाख्रा खोर र भकारो सुधार, पशु उपचार खर्च जस्ता कार्यक्रमहरुको माध्यमबाट आर्थिक स्थिति सुधार गर्ने कार्यका लागि रु ३ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

८३. वडा नम्बर २ मा प्लाष्टिक पोखरी र टनेल खरिद, बयर बोका खरिद, भकारो सुधार, मौरी घार खरिद र थोपा सिचाइ जस्ता कार्यक्रमहरु सञ्चालन गर्न उचित बजेटको व्यवस्था गरेको छु । यी

कामको लागि रु ६ लाख रकम विनियोजन गरेको छु । प्रस्तुत सबै कार्यक्रमहरु ५० प्रतिशत लागत साझेदारीमा कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

८४. गाउँपालिकाको वडा नम्बर ३ मा सुन्तला तथा कागतिका विरुवा वितरण, पशु औषधि वितरण कार्यक्रम, कृतिम गर्भाधान साना किसान ५० प्रतिशत लागत साझेदारी, सहकारीको लागि अदुवाको विउ खरिद कार्यक्रम र उत्कृष्ट कृषक सम्मान कार्यक्रमको लागि रु १ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

८५. वडा नम्बर ४ मा कृषि फर्म दर्ता ५० प्रतिशत लागत साझेदारीमा, पशु भकारो सुधार कार्यक्रम ५० प्रतिशत लागत साझेदारीमा र कृषि औजार बिउ विजन खरिद जस्ता कार्यहरु गर्न उपयुक्त बजेट विनियोजन गरेको छु । यस कामका लागि रु ३ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

८६. कृषि तथा पशुका विभिन्न उपयुक्त कार्यक्रमबाट गाउँपालिकालाई आर्थिक समृद्धिको बाटोमा अगाडि बढाउन गाउँपालिका स्तरीय बेमौसमी तरकारी पकेट क्षेत्र घोषणा पलाष्टिक टनेल ५० प्रतिशत लागत साझेदारीमा वितरण, कृषि सम्बन्धी विभिन्न तालिमहरु, कागति बगैचा विकास कार्यक्रमहरु, तरकारी खेती प्रदर्शन कार्यक्रम, खाध्यान्न बाली विज बृद्धि कार्यक्रम, मौरी विकास कार्यक्रम, फलफुल विरुवा वितरण कार्यक्रम, फलफुल विरुवा वितरण कार्यक्रमको अनुगमन तथा निरिक्षण, माटो परिक्षण कार्यक्रम, भकारो तथा खोर सुधार कार्यक्रम, आकस्मिक रोग नियन्त्रणका लागि भ्याक्सिन लगाउने कार्यक्रम, कृतिम गर्भाधान तालिम नाइट्रोजन खरिद, मासु पसल सुधार ५० प्रतिशत लागत साझेदारी, परजिवि नियन्त्रण औषधि खरिद तथा वितरण, बाख्रापालन तालिम र अन्य विविध कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु । प्रस्तुत कार्यक्रमहरु सन्चालन तथा व्यवस्थापन गर्न रु २५ लाख रकम विनियोजन गरेको छु ।

८७. गाउँपालिकाका युवा वर्गहरुलाई ड्राइभिङ्ग तालिम मार्फत स्वरोजगार बनाउन उपयुक्त रकम विनियोजन गरेको छु । यस कार्यका लागि रु. ४ लाख बजेट विनियोजन गरेको छु ।

८८. प्रदेश सरकार, प्रदेश नम्बर ५ बाट प्राप्त विशेष अनुदानको रकम मुख्यमन्त्री ग्रामीण विकासका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने गरी रु. ५२ लाख विनियोजन गरेको छु ।

**पर्यटन विकास कार्यक्रम**

८९. गाउँपालिकाको वडा नम्बर ६ मा रहेका विभिन्न प्रकारका मठमन्दिर संरक्षण गर्न रु ५० हजार रकम विनियोजन गरेकोछु ।

९०. गाउँपालिकाको वडा नम्बर ५ मा राधाकृष्ण मन्दिर र गण्डकी दोबाटो भगवती मन्दिर निर्माण गरी पर्यटकीय विकासका लागि रु. ५ लाख रकम विनियोजन गरेको छु ।

९१. काफलचौर पुरानो मन्दीर जिर्णोद्वार गर्न आवश्यक रकम विनियोजन गरको छु । यस कामका लागि रु. २ लाख रकम विनियोजन गरेको छु ।

९२.	गाउँपालिकाको वडा नम्बर ३ मा रहेको रुरु रेसुङ्गा पर्यटकिय स्थल भवने पार्कको विकास गर्न आवश्यक पर्ने पूर्वाधारहरु निर्माणको लागि आवश्यक रकम विनियोजन गरेको छु । यस कामको लागि रु. ४ लाख रकम विनियोजन गरेको छु ।

९३.	गाउँपालिकाको वडा नम्बर ७ मा बोटे शिवालय मन्दिर मर्मत, देउराली शिवालय मन्दिर मर्मत र राधाकृष्ण मन्दिर मर्मतका लागि रु. २ लाख २० हजार रकम विनियोजन गरेको छु ।

९४.	रेसुङ्गा गौशाला मर्मत सुधार कार्य र राधा कृष्ण मन्दिर निर्माण बलिथुम टारीको लागि आवश्यक बजेट विनियोजन गरेको छु । यस कार्यका लागि रु. ३ लाख विनियोजन गरेको छु ।

**सम्माननीय सभाअध्यक्ष महोदय,**

९५.	अव म पूर्वाधार विकास तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु ।

**पूर्वाधार विकास**

**स्थानीय सडक पुल तथा झोलुङ्गे पुल**

९६.	आर्थिक वर्ष २०७६/७७ मा प्रदेश नम्बर ५ प्रदेश सरकारसँगको समपुरक अनुदानमा योजना कार्यान्वयन गर्ने गरी रकम विनियोजन गरेको छु । यस कामका लागि गाउँपालिकाको खर्ज्याङ्ग-बाखे-बन्द्रखुट्टा-बिरबास-सिस्ने-जुभुङ्ग मोटरबाटो स्तरवृद्धि योजनाको लागि प्रदेश सरकारको ५० लाख र गाउँपालिकाको ५० लाख गरी जम्मा रु १ करोड रकम विनियोजन गरेको छु ।

९७.	गाउँपालिकाको वडा नम्बर १ को थाक्सीपोखरा वडाकुन छाचुरे मोटरबाटो निर्माणको लागि रु. १ लाख रकम विनियोजन गरेको छु ।

९८.	वडा नम्बर १ मा आर्वेक सिद्धेपधेरा मोटरबाटो निर्माण, रैनादी सिख निर्लाङ्ग कुर्लिचौर मोटर बाटो, थाक्सीपोखरा खरबारी मोटरबाटो निर्माण र खौवा वेङ्गजे मोटरबाटो निर्माण तथा सुधार विस्तार गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।यस कार्यका लागि रु १६ लाख रकम विनियोजन गरेको छु ।

९९.	गाउँपालिकाको वडा नम्बर २ अन्तर्गत हटिया नयाँपोखरी टङ्गलाजी घुर्मी मोटरबाटो विस्तार हटिया कोटटोला उर्लाकोट हुल्टुङ्ग मोटरबाटो, चिलाउने पोखरी छतडाँडा साइसे ठूलाढुङ्गा मोटरबाटो, ठूला पधेरा उर्लाकोट हुल्टुङ्ग घोराहा मोटरबाटो, चिलाउने पोखरी जेल्दी छहरा मोटरबाटो, शिवालय काफलडुङ्ग साइसे मोटरबाटो निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु । यस कामका लागि रु १४ लाख बजेट विनियोजन गरेको छु ।

१००.	काभ्रेपोखरी निउरेक सिस्नेखोला मोटरबाटो निर्माण गर्ने कार्यका लागि रु. १ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

१०१.	गाउँपालिकाको हरियाली सडकको रुपमा रहेको ठूलाचौर-लामडाँडा-राजा सडक स्तरउन्नतीको लागि रु. ५ लाख करम विनियोजन गरेको छु ।

१०२.	वडा नम्बर ३ को पुर्खे दुर्मे मोटरबाटो विस्तार, लाकुरी डाँडा विरमान मोटरबाटो विस्तार, राजा धारापानी विरमान गोरेटो बाटो, छाप देविस्थान मोटरबाटो ग्याविन तथा पर्खाल, देविस्थान भलाम मोटरबाटो निर्माण, डौडाल दह घुम्टी मोटरबाटो ग्याविन तथा पर्खाल, चारपोखरी मोटरबाटो ग्याविन तथा पर्खाल निर्माण, मटीखाना ढुङ्गे मोटरबाटो स्तरउन्नती, काफलपानी खाम्जा डौडाल मोटरबाटो बिस्तार र स्वामीरुख सपौदीगैरा चाँपपानी मोटरबाटोमा ह्यूम पाइप राख्ने कार्यका लागि रु १३ लाख ३५ हजार रकम विनियोजन गरेको छु ।

१०३.	गाउँपालिकाको वडा नम्बर ३ मा म्यालपोखरी-खाम्जा मोटरबाटो निर्माणको लागि रु. १ लाख रकम विनियोजन गरेको छ ।

१०४.	यसै गरी वडा नम्बर ४ को ठाँटी जाबुने मोटरबाटो र जिमी बाँसखर्क मोटरबाटो निर्माणका लागि रु ३ लाख २५ हजार रकम विनियोजन गरेको छु ।

१०५.	वडा नम्बर ६ मा लाम्चेपाटा भाल्दी मोटरबाटो, दरबार चिलौनीपोखरा कुल्टुङ्ग मोटरबाटो मर्मत तथा स्तरउन्नती, धारापानी गौरादी गोरेटो बाटो निर्माण, माचपोखरी खोरेपानी मोटरबाटोमा पक्की नाली निर्माण, सौरारुख घुम्टे मोटरबाटो तारजाली तथा ग्याविन निर्माण गर्ने कार्यको लागि रु ४ लाख रकम विनियोजन गरेको छु ।

१०६.	गाउँपालिकाको वडा नम्बर ७ का विभिन्न सबै शाखा मोटरबाटो मर्मत गरी स्तरउन्नती गर्न रु. ७ लाख विनियोजन गरेको छु ।

१०७.	गाउँपालिकाको वडा नम्बर ७ का अन्य विभिन्न ठूलाचौर बाँसडाँडा चाउरेघाट, उप्रीकोट, खिर्तीप ठूलापोखरा, कुम्लेटा उदिन ढुङ्गा पूर्खे खोला, कारपाटा बाँसडाँडा, लामडाँडा विरमान, गाउँपोखरी बाउनथोक, बाँझारुख बजारमारे गोरेटो बाटो, जोर्तेपोखरा खडका टोल, डुडीपोखरा हमाल फाडे, काफलपानी, चितीपानी ईजर गोरेटो बाटो, भतेरपाटी ग्याविन पर्खाल, उखाप र चिदियार जोर्तेपोखरा  मोटरबाटोहरुको विस्तार तथा स्तरउन्नती गर्न रु. ९ लाख ७० हजार रकम विनियोजन गरेको छु ।

१०८.	गाउँपालिकामा विगतमा निर्माण सम्पन्न भएका विभिन्न सडक तथा अन्य पूर्वाधारहरुको मर्मत संभार गरी स्तर उन्नती गर्न वडा नम्बर १ का विभिन्न संरचनाहरुको स्तर उन्नती वडा नम्बर २ का विभिन्न सडकहरु तथा अन्य संरचनाको मर्मत संभार तथा स्तर उन्नती वडा नम्बर ३ का विभिन्न संरचनाहरु मर्मत सम्भार गरी स्तर उन्नती वडा नम्बर ४ का विभिन्न सडक स्तरउन्नती र वडा नम्बर ५ का विभिन्न संरचनाहरु मर्मत संभार गरी स्तरउन्नती गर्न उपयुक्त बजेट विनियोजन गरेको छु । यी सबै कामका लागि रु २९ लाख २५ हजार रकम विनियोजन गरेको छु ।

**सिंचाई**

१०९. सिंचाइ सुविधाको व्यवस्था गरी कृषि तथा वेमौसमी खेती गर्न वडा नम्बर १ को चारखुट्टे कुलो निर्माण र कुमालगाउँ भिर कुलो निर्माण वडा नम्बर २ को घोराह फाँट सिचाई सुविधा विस्तार वडा नम्बर ५ मा एक घर एक सिँचाइ प्लाष्टिक टयाङ्की वितरण, बाहाटारी ठूलो बगर नेहाले कुनौटा रिपाहा सिँचाइ र वडा नम्बर ६ को विभिन्न सिँचाइ कुलो मर्मत गर्ने कार्यका लागि रु ९ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

**भवन तथा सहरी विकास**

११०. वडा नम्बर १ को होखोला रानीपौवा निर्माण गर्न आवश्यक रमक रु १ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

१११. गाउँपालिकाको वडा नम्बर २ मा जगदम्बा भगवती माई मन्दिरमा शौचालय निर्माण सामुदायिक भवन ट्रष्ट निर्माण तथा स्तर उन्नति मनकामना देवी महाकाली मन्दिर ट्रष्ट निर्माण गर्ने कार्यका लागि रु ४ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

११२. गाउँपालिकाको वडा नम्बर २ मा रहेको जनजागरण आमा समूहको ट्रष्ट निर्माण गर्नको लागि बजेट व्यवस्था गरेको छु । यस कार्य सम्पादनको लागि रु २ लाख रकम विनियोजन गरेको छु ।

११३. गाउँपालिकाको वडा नम्बर २ मा रहेको सुर्योदय मा.वि.मा कम्पाउण्ड निर्माण गर्नको लागि आवश्यक रकम विनियोजन गरेको छु । यस कामका लागि रु. ५ लाख रकम विनियोजन गरेको छु ।

११४. वडा नम्बर ३ मा दहपोखरी आमा समूह प्रतिक्षालय निर्माण कालिका महिला बहुउद्देश्यीय सहकारी संस्था भवन रंगरोगन गर्न रु २ लाख ३५ हजार रकम विनियोजन गरेको छु ।

११५. वडा नम्बर ४ को रुमपोखरा महिला समुह भवन निर्माण, अकरडाँडा जनकल्याण क्लब भवन मर्मत, दलबाङ्ग युवा क्लब भवन निर्माण, न्यू राइजिङ्ग युवा क्लब मञ्च निर्माण, चण्डेश्वरी युवा क्लब जिमीको भवन निर्माण, रुन्खा प्रतिक्षालय निर्माण, देविस्थान पौवा निर्माण, बाँसखर्क महिला ट्रष्ट निर्माण र गोठेडाँडा मिसुगा तारबार निर्माण कार्यका लागि बजेट विनियोजन गरेको छु । यस कार्यका लागि रु ११ लाख १० हजार विनियोजन गरेको छु ।

११६. गाउँपालिकाको वडा नम्बर ४ को वडा कार्यालयमा कोठा थप गर्ने व्यवस्था मिलाएको छु । यस कामका लागि रु. ८ लाख रकम विनियोजन गरेको छु ।

११७. गाउँपालिकाको वडा नम्बर ५ मा रहेको शुभ प्रभात महिला कृषि सहकारी भवन निर्माण गर्नको लागि आवश्यक रकम विनियोजन गरेको छु । यस कामका लागि रु. ४ लाख रकम विनियोजन गरेको छु ।

११८. गाउँपालिकाको वडा नम्बर ६ मा रानीपोखरी आमा समुह शौचालय निर्माण र लाली गुँरास आमा समूह भवन रंगरोगन गर्न रु १ लाख १० हजार बजेट विनियोजन गरेको छु ।

११९. गाउँपालिकाको वडा नम्बर ६ मा रहेको इश्वरी मा.वि.मा विभिन्न संरचनाहरुको सुधार विस्तार गर्न आवश्यक रकम विनियोजन गरेको छु । यस कामका लागि रु. ६ लाख विनियोजन गरेको छु ।

१२०. गाउँपालिकाको वडा नम्बर ७ मा मिदुन शित्तलपाटी निर्माण र वेदपानी पौवा निर्माण गर्न रु. १ लाख बजेट विनियोजन गरेको छु ।

१२१. गाउँपालिकाको वडा नम्बर ६ को भलायाचौरमा हेल्थ हर्ट निर्माणको कार्य गर्न रु. १ लाख बजेट विनियोजन गरेको छु ।

१२२. फर्सवा आमा समूहको भवनमा कोठा निर्माण गर्ने कार्यका लागि रु. १ लाख रकम विनियोजन गरेको छु ।

**उर्जा लघु तथा साना जलविद्युत**

१२३. वडा नम्बर १ को बलिथुम पराल्मी सामुदायिक विद्युत उपभोक्ता समितिको ट्रान्सफर्मर खरिद र वडा नम्बर ३ को गौडाकोट नेटा बजार सडक बत्ति व्यवस्थापनको लागि रकम विनियोजन गरेको छु । यस कामको लागि रु ३ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

१२४. गाउँपालिकाको वडा नम्बर १ को बलिथुम पराल्मी सामुदायिक विद्युतिकरण, मजुवा इलाका सामुदायिक विद्युतिकरण, बिरबास सामुदायिक विद्युतिकरण वडा नम्बर ४ र दरबार सामुदायिक विद्युतिकरण वडा नम्बर ६ र ७ को प्रणाली सुधार गर्न आवश्यक बजेट विनियोजन गरेको छु । यस कामका लागि रु. ६ लाख विनियोजन गरेको छु ।

**सम्माननीय सभाअध्यक्ष महोदय,**

१२५. अव म वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु ।

**वन वातावरण तथा विपद् व्यवस्थापन**

**वन तथा भुसंरक्षण**

१२६. वातावरण तथा विपद् व्यवस्थापन गर्न वडा नम्बर ३ को विरमानमा पहिरो रोक्न ग्याविन निर्माण गर्ने कार्यका लागि रु १ लाख रकम विनियोजन गरेको छु ।

१२७. गाउँपालिकाको विभिन्न क्षेत्रमा हुन सक्ने भू-क्षयको नियन्त्रणको लागि आवश्यक रकम विनियोजन गरेको छु । यस कामका लागि रु. ५ लाख रकम विनियोजन गरेको छु ।

**जलाधार संरक्षण**

१२८. वडा नम्बर ३ को पाखुखोलामा तारजाली मार्फत ग्याबिन निर्माण गर्न रु १ लाख १५ हजार रकम विनियोजन गरेको छु ।

१२९. गाउँपालिकाको वडा नम्बर ७ मा रहेको डुडी पोखरी मर्मत गर्ने कार्यका लागि रु. १ लाख रकम विनियोजन गरेको छु ।

१३०. गाउँपालिकाको वडा नम्बर ५ को तोष गौरी पोखरा पोखरी सरक्षण गर्ने कार्यको लागि रु. १ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

**वातावरण संरक्षण जलवायु परिवर्तन**

१३१. वडा नम्बर २ को उपल्लो छतडाँडा पोखरी मर्मत र बलपोखरा पोखरी मर्मत वडा नम्बर ३ को बुढी पोखरी मर्मत र वडा नम्बर ६ को चौडाँडा रानी पोखरी मर्मत म्यालडाँडा राखीपोखरी मर्मत गर्ने कार्यका लागि रु २ लाख ९५ हजार रकम विनियोजन गरेको छु ।

**फोहरमैला तथा ढल व्यवस्थापन**

१३२. वडा नम्बर १ को डाँडापिपल बोकसीरह भल नियन्त्रण गर्ने कार्यका लागि रु २ लाख रकम विनियोजन गरेको छु ।

**जलउत्पन्न प्रकोप नियन्त्रण**

१३३. वडा नम्बर ५ को राके खर्ज्याङ्ग खोलामा तटबन्ध निर्माण गर्न रु १ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

**विपद् व्यवस्थापन**

१३४. वडा नम्बर ४ मा विपद् व्यवस्थापन सम्बन्धि विभिन्न कार्य गर्न रु १ लाख विनियोजन गरेको छु ।

१३५. गाउँपालिका भित्र आइ पर्ने प्राकृतिक तथा दैवी प्रकोपको कारणबाट हुने क्षति कम गर्न तथा भएको क्षति तत्काल राहत उपलब्ध गराउन गाउँपालिकामा विपद् व्यवस्थापन (दैवी प्रकोप उद्दार) कोष निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु । उक्त कोषमा रु. १० लाख जम्मा हुने गरी रकम विनियोजन गरेको छु ।

१३६. गाउँपालिका भित्र विभिन्न कारणले आर्थिक सहायता प्रदान गर्नु पर्ने अवस्था आएका विभिन्न विपन्न वर्गका व्यक्तिहरुलाई तत्काल राहात उपलब्ध गराउने व्यवस्था मिलाउन रकम रु. ४ लाख विनियोजन गरेको छु ।

**सुशासन तथा संस्थागत विकास**

१३७. गाउँपालिका भित्र रहेका विभिन्न प्रकारका सिप विकास, जनचेतना तथा सहकारी सम्बन्धी तालिम गोष्ठी कार्यक्रमहरु सञ्चालन गरी विभिन्न समुदाय तथा संघ सँस्थाहरुको क्षमता विकास गर्ने कार्यको लागि रकम व्यवस्था गरेको छु । यस कामको लागि रु. १३ लाख रकम विनियोजन गरेको छु ।

१३८. आर्थिक वर्ष २०७६/७७ मा सञ्चालन गर्ने विभिन्न प्रकारका कार्यक्रमहरुमा कर्मचारीहरुलाई क्षमता विकास गर्ने कार्यका लागि रु. ८ लाख रकम विनियोजन गरेको छु ।

१३९. विभिन्न प्रकारका सरकारी निकाय, समिति एवं बोर्डहरुलाई सःशर्त अनुदान प्रदान गर्न आवश्यक रकम विनियोजन गरेको छु । उक्त कार्यका लागि रु. ८० लाख रकम विनियोजन गरेको छु ।

१४०. गाउँपालिकाको वडा नम्बर ६ को वडा कार्यालयको भवन निर्माण र आधारभुत स्वास्थ्य केन्द्रको भवन निर्माणको लागि जग्गा खरिद गर्न आवश्य पर्ने रकम विनियोजन गरेको छु । यस कामका लागि रु. ८ लाख रकम विनियोजन गरेको छु ।

१४१. गाउँपालिकाको बजेट निर्माण देखी खर्च लेखाङ्कनका सम्पूर्ण कार्यहरु नेपाल सरकारले अनिवार्य रुपमा लागू गरेको सुत्र (SuTRA) मार्फत कामकाज गर्ने व्यवस्था मिलाएको छु ।

**सम्माननीय सभाध्यक्ष महोदय,**

१४२. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१४३. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. ४१ करोड ३० लाख ६३ हजार विनियोजन गरेको छु ।

१४४. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये गाउँपालिकाको आन्तरिक आम्दानीबाट रु. २५ लाख, चालु आर्थिक वर्षको नगद बैंक मौज्दातबाट रु. ५ लाख, जम्मा राजस्व बाँडफाँड (संघ र प्रदेश) बाट ७ करोड २७ लाख ७४ हजार, जम्मा अनुदान (संघ र प्रदेशः वित्तीय समानीकरण, सशर्त अनुदान र विशेष अनुदान) बाट रु. ३३ करोड ५५ लाख ३५ हजार, जिल्ला समन्वय समिति गुल्मीको लागत साझेदारीबाट रु. १३ लाख र जलविद्युत रोयल्टी बाट ४ लाख ५४ हजार जुटाइनेछ ।

**सम्माननीय सभाध्यक्ष महोदय,**

१४५. अब म आगामी आर्थिक वर्ष २०७६/७७ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१४६. यस गाउँपालिकालाई आत्मनिर्भर गराउँदै जाने योजना सफल बनाउनका लागि कर प्रणालीमा संरचनात्मक परिवर्तन गरी संघ र प्रदेश सरकारसँग निर्भर रहनु पर्ने बाध्यताको अन्त्य गर्दै आन्तरीक आर्थिक कृयाकलापमा आधारित तुल्याइ दीगो कर प्रणालीमा रुपान्तरण गर्दै जान निम्न उद्देश्य हासिल गर्ने गरी राजस्व परिचालन गरिनेछ ।

क) वैज्ञानिक अनुमान योग्य र पारदर्शी राजस्व प्रणालीको विकास बाट नीजि लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादन मुलक उद्योग तथा व्यवसाय प्रबर्द्धन र संरक्षण प्रदान गर्ने ।

ख) गाउँपालिका भित्र सम्भावित करयोग्य सबै प्रकारका आर्थिक कृयाकलापहरुलाई करको दायरामा ल्याउँदै कर छली तथा चुहावट नियन्त्रण गरी करको दर कम गर्दै दायरा विस्तार गर्ने ।

ग) मानव स्वास्थ्यलाई नोक्सान पुर्याउने तथा वातावरण ह्रास गराउने वस्तुको प्रयोगमा निरुत्साहित गर्ने ।

घ) गाउँपालिकाको कर प्रशासनलाई सक्षम बनाउन सूचना प्रविधीको प्रयोग मार्फत कर संकलन गर्ने ।

ङ) गैर कर राजस्वका दरहरुलाई समसामयिक लागत प्रभावी र पारदर्शि बनाइ थप राजस्व संकलन गर्न प्रयास गर्ने ।

**सम्माननीय अध्यक्ष महोदय,**

१४७. आर्थिक वर्ष २०७४/७५ को यथार्थ खर्च, आर्थिक वर्ष २०७५/७६ को संशोधित अनुमान र आर्थिक वर्ष २०७६/७७ को अनुमानित आय व्ययको विवरण अनुसूचिहरुमा उल्लेख गरेको छु ।

१४८. मैले माथि प्रस्तुत गरेको बजेटको सफल कार्यान्वयनबाट गाउँपालिकामा उपलब्ध श्रोत र साधनको उच्चतम उपयोग र समन्यायीक वितरण भै गाउँपालिका बासीको जीवन स्तर सहज सुरक्षित र गुणस्तरिय हुँदै जाने तथा दीगो र उच्च आर्थिक वृद्धिको जग मजबुत हुने अपेक्षा लिएको छु । गाउँपालिका भित्र को सार्वजनिक सेवाको प्रभावकारिता एवं गुणस्तर अभिवृद्धि भै सुशासनको प्रत्याभुती हुने विश्वास लिएको छु ।

१४९. प्रस्तुत बजेट तर्जुमा गर्दा मलाई सहयोग गर्ने उपाध्यक्षज्यू, गाउँपालिका वडाध्यक्षहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, गाउँ सभाका सदस्यहरु, गाउँपालिकाका राजनीति दलका अध्यक्ष तथा प्रतिनीतिहरु, गाउँपालिकाका विद्वत वर्गहरु, गाउँपालिकाका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु, बजेट निर्माणको क्रममा अमुल्य राय सुझाव उपलब्ध गराउने सम्पूर्ण सहयोगिहरु र गाउँपालिका

बासी प्रति हार्दिक आभार प्रकट गर्दै बजेट कार्यान्वयनमा सबैको सकारात्मक सहयोगको अपेक्षा राख्दै सबल र समृद्ध गुल्मीदरबार गाउँपालिका निर्माणको महान यात्रामा सबै गाउँपालिका बासीलाई सहभागि हुन आव्हान गर्दै विदा हुन चाहन्छु । धन्यबाद्, नमस्कार ।

अशोक कुमार थापा
गाउँपालिका अध्यक्ष